# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


पत्र संख्या :-०७४।७५ मिति :-२०७४।०७।०८
चलानी नम्वर :- ५६२

श्री अनुमतिपत्र प्राप्त सम्पूर्ण मर्चेन्ट वैंकरहरु ।

**विषय :- व्यवस्था गर्ने/गराउने बारे ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस वोर्डको मिति २०७४।०७।०८ को निर्णयानुसार देहाय अनुसारका व्यवस्था गरी सो सम्बन्धमा भए गरेका प्रगतिबारे बोर्डमा पेश गर्न अनुरोध गरिन्छ ।

१. धितोपत्रको हकप्रद निष्काशन प्रक्रियालाई थप सहज, समावेशी तथा लगानीमैत्री वनाउन धितोपत्रको हकप्रद निष्काशनमा आस्वा प्रणालीमार्फत समेत आवेदन दिन सक्ने व्यवस्था गर्ने ।

२. विक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका वाहिरका प्रमुख केन्द्रहरु कम्तिमा विराटनगर, विरगंज, पोखरा, वुटवल, नेपालगञ्ज, सुर्खेत तथा धनगढीवाट आवेदन दिन सक्ने व्यवस्था गर्ने ।

३. धितोपत्र व्यवसायी (मर्चेन्ट वैंकर) ले वोर्डमा पेश गर्नुपर्ने अर्धवार्षिक प्रतिवेदनसंग लेखापरीक्षकवाट प्रमाणित नियमपालना प्रतिवेदन (Compliance Report) समेत वोर्डमा पेश गर्ने व्यवस्था गर्ने ।

**बोधार्थ:**
१.श्री अध्यक्षको कार्यालय, नेपाल धितोपत्र वोर्ड ।
२.श्री नियमन तथा व्यवस्थापन विभाग, नेपाल धितोपत्र वोर्ड ।
३.श्री सुपरिवेक्षण तथा अनुसन्धान विभाग, नेपाल धितोपत्र वोर्ड ।
४.श्री नेपाल मर्चेन्ट वैंकर संघ, कमलादी, काठमाण्डौं ।

भवदीय,

(गणेश श्रेष्ठ)
अधिकृत


Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np